

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस ८ गते आइतबार ❑ 24 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## रास्वपा सभापति रबि लामाछिनेलाई पोखरामा खोया प्रहार

**पोखरापत्र संवाददाता**
पोखरा, ७ पुस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रबि लामिछानेलाई पोखरामा मकैको खोया प्रहार भएको छ ।

पोखराको अमरसिंहचौरमा रास्वपाले शनिबार आयोजना गरेको खुल्ला सभामा सभापती लामिछानेलाई भाषण गर्ने क्रममै मकैको खोया प्रहार भएको रास्वपाले जनाएको छ ।

लमजुङ तार्कुघाटका सन्तोष रानाभाटले लामिछानेलाई उक्त खोयाले प्रहार गरेको हुँदा प्रहरीले उहाँलाई नियन्त्रणमा लिएको छ । रानाभाटको प्रारम्भिक अनुसन्धानको लागि हाल जिल्ला प्रहरी कार्यालय कास्कीमा राखिएको प्रहरीले जनाएको छ । कार




चालक रानाभाट उक्त कार्यक्रममा मकै खादै गर्दा भिडभाडमा लडेर खोया उच्छिटिएको रानाभाटले प्रहरी सामु प्रारम्भिकचरणमा बयान दिएको वडा प्रहरी कार्यालय रामबजारका प्रहरी निरीक्षक बिनोद श्रेष्ठले बताउनु भयो । रानाभाटाको हातबाट खोया उच्छिटियर सभापति लामिछानेले भाषण गरेको मञ्च नजिकै खोया पुगेको केहीले देखेसंगै एक छिन रानाभाट माथि रास्वपाका नेता कार्यकर्ताले लछार पछार समेत पारेको अबस्थामा प्रहरीले उहाँलाई नियन्त्रणमा लिएको हो । कार्यक्रममा बोल्ने क्रममा ढुंगा प्रहार गर्नेलाई राम्रो काम गरेर आफूप्रति सकारात्मक बनाउने सभापति लामिछाने बताउनु भएको छ ।

मुलुकमा परिवर्तनको लागि आफु माथि जस्तो सुकै ढुंगा मुडा भए पनि त्यसको सामना गर्दै गाँउ गाँउमा हिड्ने आम निर्वाचनमा जितेरै यो मुलुकलाई नयाँ ट्र्याकमा ल्याउने सभापति लामिछानेले दाबी गर्नु भयो ।

सभापति लामिछानेले भाषण गर्ने क्रममा एक व्यक्तिले प्रहार गरेको खोया उहाँ नजिकै पुगेको रास्वपा गण्डकी प्रदेशका प्रवक्ता विकास भुर्तेलले बताउनुभयो ।

## विपद्मा रेडक्रसको भूमिका अतुलनीय

**पोखरापत्र संवाददाता**
पोखरा, ७ पुस

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले विपद्का समय निःस्वार्थ भावनाले मानवीय सेवामा सक्रिय रेडक्रसकर्मीको भूमिका अतुलनीय रहेको बताउनुभएको छ ।

नेपाल रेडक्रस सोसाइटी ४१औँ राष्ट्रिय जुनियर तथा युवा रेडक्रसको दुईदिने गोष्ठीको शनिबार पोखरामा उद्घाटन गर्दै मन्त्री आचार्यले त्यस्तो बताउनुभयो । देशमा विपद् र स्वास्थ्य क्षेत्रमा सेवा गर्दै आएको रेडक्रसका समिति तथा सदस्यमा युवापुस्तालाई बढीभन्दा बढी संलग्न गराउन सक्यौँ भने यसको प्रभावकारिता र क्रियाशीलता अझ बलियो हुँदै जाने भनाइ मन्त्री आचार्यको थियो ।

सेवा नै धर्म हो भन्ने मूलमन्त्रका साथ लाखौँको सङ्ख्यामा स्वयंसेवक रहेको यस संस्थामा पछिल्लो समय नेतृत्व तहभित्र केही विवाद सिर्जना भए पनि त्यस्ता समस्या समाधान गर्दै मानवीय सेवामा अगाडि बढ्न मन्त्री आचार्यले सुझाव दिनुभयो । देशमा परेका विपद् भूकम्प, कोरोना, बाढीपहिरो र महामारीमा रेडक्रसले सरकारको सहयोगी बनेर काम गर्दै बताउँदै देशका सबैजसो जिल्लामा शाखा भएको यस



संस्थाका स्वयंसेवक सरकार पुग्नुभन्दा पनि पहिला पुगेर मानवीय सेवामा सहभागी हुने गरेको बताउनुभयो । नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय अध्यक्ष सुदर्शन नेपालले युवा वर्गलाई सक्षम र दक्ष बनाउँदै अगाडि बढ्न प्रेरणा दिने बताउनुभयो । सकारात्मक परिवर्तनको सोच बनाउँदै नेपाली युवा रेडक्रसमा आबद्ध भई सेवाभावनामा जुट्न सक्यौँ भने देशको विकासमा सहयोग पुग्ने बताउनुभयो ।

संस्थाका केन्द्रीय उपाध्यक्ष राधा नेपालीले रेडक्रस देशैभरि नेपाल सरकारलाई सहयोग गर्ने किसिमले मानवीय सेवामा जुट्दै आएको बताउनुभयो । संस्थाका कोषाध्यक्ष भूपतिलाल श्रेष्ठले दुईदिने गोष्ठीले ठोस कार्ययोजना निर्माण गरी अगाडि बढ्नुपर्नेमा सुझाव दिनुभयो । संस्थाका केन्द्रीय सदस्य तथा युवा विभागका प्रमुख विष्णु नेपालले संस्थामा युवा परिचालन गर्न सक्यौँ भने रेडक्रसको प्रभावकारिता अझ बढी प्रभावकारी बन्न सक्ने बताउनुभयो ।

कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले देशमा सङ्कट आउँदा रेडक्रसको सहयोग भुल्न नसकिने बताउनुभयो ।

गोष्ठीमा ४०औँ राष्ट्रिय गोष्ठीको प्रतिवेदन प्रस्तुत गरी त्यसका बारेमा छलफल, राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा प्राप्त अनुभव साटासाट, कविता तथा निबन्ध प्रतियोगिता, नेतृत्व विकास प्रशिक्षण, स्वास्थ्य शिविर सञ्चालन गर्नुका साथै प्रतिवेनमाथि छलफल गरी पोखरा घोषणापत्र जारी गरिने जनाइएको छ । उक्त कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष सुदर्शन नेपालले गर्नुभएको छ । दुई दिनसम्म चल्ने उक्त गोष्ठीमा देशैभरिबाट तीन सयभन्दा बढी प्रतिनिधिको सहभागिता छ ।

## राष्ट्र सङ्कटपूर्ण घडीमा उभिएको छ, कांग्रेसले नेतृत्वदायी भूमिका खेल्नुपर्छ : सभापति देउवा

**रासस**
काठमाडौं, ७ पुस

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्र सङ्कटपूर्ण अवस्थामा उभिएकाले आफू नेतृत्वको पार्टीले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेस बागमती प्रदेशको पहिलो सम्मेलन शनिबार उद्घाटन गर्दै सभापति देउवाले भन्नुभयो, "राष्ट्र अहिले दोधारमा उभिएको छ, अहिलेको बेला सबैले मिलेर र खासगरी कांग्रेसले नेतृत्वदायी भूमिकामा बसेर काम गर्न जरुरी रहेको छ ।" पूर्वप्रधानमन्त्री देउवाले गणतान्त्रिक लोकतान्त्रिक व्यवस्था महत्त्वपूर्ण भएको दाबी गर्दै यो व्यवस्था समावेशितामा आधारित व्यवस्था भएको बताउनुभयो । उहाँले पार्टीलाई अझै सुदृढ गर्दै तल्लोस्तरबाटै पूर्णरूपमा प्रतिबद्ध गराई बलियो बनाउन लाग्नुपर्ने बताउनुभयो । कांग्रेस उपसभापति धनराज गुरुङले संसद् सञ्चालन हुन ढिलो भए अध्यादेशमार्फत सङ्घीय निजामती ऐन ल्याउने बताउनुभयो । उहाँले सङ्घीय प्रहरी ऐन, सङ्घीय कर्मचारी ऐन र शिक्षा विधेयक संसद् सञ्चालन हुन ढिलो भए अध्यादेशमार्फत ल्याउने स्पष्ट पार्नुभयो । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गुरुङले स्थानीय तहलाई अधिकारसम्पन्न बनाउन छिट्टै सङ्घीय कानुनहरू पारित गर्ने तयारीमा रहेको बताउनुभयो । उहाँले कांग्रेसको आनीबानी र व्यवहारमा सुदृढ गर्न आवश्यक रहेको बताउनुभयो ।

पार्टी महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेसको प्रदेश सम्मेलन भइरहँदा हरेक ठाउँमा प्रदेशलाई अधिकार सम्पन्न बनाउनुपर्ने माग उठेको भन्दै प्रदेश सरकारले राखेका माग पूरा गर्न पार्टी र सरकार लाग्नुपर्ने बताउनुभयो । उहाँले कांग्रेस महासमिति बैठकसम्म अधिकार सम्पन्न बनाउने गरी कानुन आएन भने महासमितिको बैठकबाट निर्णय गरेर कांग्रेसले सिंहदरबार घेर्ने बताउनुभयो । कार्यक्रममा बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले केन्द्रले प्रदेशलाई अधिकार दिन कन्जुस्याइँ गरेको बताउनुभयो । सम्मेलनमा बागमती प्रदेशका १३ जिल्लाका ६६ सङ्घीय निर्वाचन क्षेत्रका करिब सात सय ८२ जना प्रदेश प्रतिनिधि, बागमती प्रदेशका सङ्घीय सांसद, प्रदेशसभा सदस्य, प्रतिनिधिसभा क्षेत्रीय सभापति, नगरपालिका/गाउँपालिकामा निर्वाचित प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष तथा बागमती प्रदेशका एक सय १९ पालिका सभापतिको सहभागिता थियो ।

## डिजिटल प्लेटफर्मले सबैलाई अवसर दिएको छ : अर्थमन्त्री

**रासस**
काठमाडौं, ७ पुस

अर्थमन्त्री डा प्रकाशशरण महतले युवा पुस्तामा क्षमता, योग्यता, कल्पनाशीलता र समर्पणलाई सदुपयोग गर्ने माध्यमका रूपमा डिजिटल प्लेटफर्म स्थापित भएको बताउनुभएको छ । यस क्षेत्रमा प्रशस्त सम्भावना भएको उल्लेख गर्दै उहाँले डिजिटल प्लेटफर्मले बिजनेसलाई मात्र होइन, हरेक क्षेत्रलाई अवसर दिएको बताउनुभयो ।

सिआइएन युथ इन्टरपेनियर फोरम नेपाल स्टार्ट अप फेस्ट २०२३ को उद्घाटन गर्नुहुँदै अर्थमन्त्री डा महतले भन्नुभयो, "डिजिटल प्लेटफर्मले बिजनेसलाई मात्र होइन, हरेक क्षेत्रलाई अवसर दिन्छ । जो उत्पादनमा लागेका छन्, उनीहरूले डिजिटल प्लेटफर्ममार्फत बजारमा सजिलै पहुँच पुर्‍याउन सक्छन् । न्यून खर्चमा आम्दानी बढाउन सक्नेछन् ।"

सरकारले आइटी नीतिलाई चालु आवको बजेटमार्फत व्यवहारिक कार्यान्वयनतर्फ लगेको उहाँको भनाइ छ । अर्थमन्त्री डा महतले भन्नुभयो, "यसमा हामीले न्यूनमात्रै कर लगाउने व्यवस्था गरेका छौँ । त्यसबाट यो व्यवसायले फड्को मार्दैछ र नेपाल बाहिर पनि सुरुआत गर्न चाहन्छ, उनीहरूका लागि पनि आफूले कमाएको आम्दानीको केही हिस्सा बाहिर लगानी गर्न सक्ने व्यवस्था गरिएको छ ।" राज्यले दिएको यो सुविधाले आइटी बिजनेस बढाउन मद्दत पुग्ने मन्त्री डा महतले बताउनुभयो । उहाँका अनुसार यसले बिजनेस सुरु गर्न र वृद्धि गर्न मद्दत पुग्नेछ । आउँदा दिनमा आइटी नीति अझ सहज हुने जानकारी दिँदै मन्त्री डा महतले भन्नुभयो, "नेपाली युवालाई जुन क्षेत्रमा उहाँलाई काम गर्ने मन छ, त्यसमा सरकारले कसरी सहजीकरण गर्न सरकार तयार छ ।" नेपालको आर्थिक विकासमा सूचना प्रविधि क्षेत्रले महत्त्वपूर्ण भूमिका खेलेको बताउँदै उहाँले भन्नुभयो, "अहिले ठूलो मात्रामा विदेश सफ्टवेयर निर्यात हुँदैछ । जसले गर्दा विभिन्न क्षेत्रको विजनेस व्यवसाय सहज हुँदैछ, लागत घट्दैछ । यसमा सरकारले सकेसम्म योगदान दिनुपर्छ ।" यसको संस्थागत विकासमा युवा पुस्ताको महत्त्वपूर्ण भूमिका रहेकाले उनीहरूको पलयान रोक्न पनि थप प्रवर्द्धन गर्न जरुरी रहेको उहाँको कथन छ ।

## संघीय शिक्षा ऐन सरकारको उच्च प्राथमिकतामा छ : प्रधानमन्त्री दाहाल

**रासस**
काठमाडौं, ७ पुस

प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सङ्घीय संसद्मा विचाराधीन विद्यालय शिक्षा विधेयक सरकारको उच्च प्राथमिकतामा रहेको बताउनुभएको छ ।

एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनले शनिबार सीतापाइलामा आयोजना गरेको बहुउद्देश्यीय भवन शिलान्याश तथा केन्द्रीय समितिको विस्तारित बैठकलाई सम्बोधन गर्दै उहाँले विद्यालय शिक्षा विधेयकलाई सरकारले प्राथमिकतामा राखेको बताउनुभयो ।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "तपाईंहरू धेरैलाई सङ्घीय शिक्षा ऐन के हुन्छ भन्ने जिज्ञासा छ । नयाँ अधिवेशन बोलाएपछि पहिलो काम नै सत्य निरूपण


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा महानगरस्तरीय रनिङ शिल्ड तथा मेयर कप खेलकुद आइतबारदेखि

पोखरापत्र संवाददाता
पोखरा, ७ पुस

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा पोखरा महानगरपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप विद्यालय खेलकुद प्रतियोगिता २०८० आइतबारदेखि सुरू हुँदैछ।

पोखरा रंगशालामा हुने चार विधाअन्तर्गतका विभिन्न खेलमा २ सय ३६ पदकका लागि ३ हजार २ सयभन्दा बढी खेलाडीले प्रतिस्पर्धा गर्ने खेलकुद विका समिति अध्यक्ष दीपक गोदारले शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए। ६६, स्वर्ण, ६६ रजत र १०४ कास्य पदकका लागि १ सय १० विद्यालयको प्रतिस्पर्धा हुनेछ।

भलिबल छात्र/छात्रा, कबड्डी छात्र/छात्रा, एथ्लेटिक्सअन्तर्गत ट्र्याक र रिले, हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो, सटपुट, मार्सल आर्टस्अन्तर्गत कराँते, तेक्वान्दो, उसुलगायत खेल अध्यक्ष गोदारले बताए। भलिबलमा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले क्रमश; २० हजार, १५ हजार र १० हजार रुपैयाँ, कबड्डीमा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले क्रमश; १५ हजार, १० हजार र ५ हजार रुपैयाँसहित पदक र प्रमाणपत्र पाउने समितिका सदस्य सचिव सुवास खड्काले जानकारी दिए। छात्र र छात्रा दुवैतर्फका विजेतालाई समान पुरस्कार प्रदान गरिने छ।

एथ्लेटिक्स एकल छात्र–छात्रामा ११ जनाले ३/३ हजार, त्यसपछिका ११ जनाले २/२ हजार र बाँकी ११ जनाले १/१ हजार पाउने छन्। कराते, उसु र मार्सल आर्टस्मा १२ जनाले ३/३ हजार, त्यसपछिका १२ जनाले २/२ हजार र बाँकी १२ जनाले १/१ हजार पाउने छन्। अन्य विधाका खेलाडीलाई पनि नगद पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ।

एक विद्यालयबाट टिम खेलमा (भलिबल र कबड्डी) एक टिम र एकल खेल (एथ्लेटिक्स र मार्सल आर्ट) मा एक इभेन्ट/तौल समुहमा एक/एक जना खेलाडी सहभागी गराउन पाइने नियम छ। एक जना खेलाडी एक खेलमा मात्रै सहभागी हुन पाउने छन् तथा एथ्लेटिक्स इभेन्ट्सका प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याक इभेन्टमा भाग लिन पाउँछन्।

पुरस्कार, अफिसियलसहित यो प्रतियोगिता सम्पन्न गर्न सबै गरेर २३ लाख रुपैयाँ खर्च हुने अनुमान छ। प्रतियोगिताको उद्घाटन पोखरा महानगरपालिकाका नगर प्रमुख धनराज आचार्यले आइतबार बिहान १० बजे गर्ने छन्। प्रतियोगिताको उद्घाटन समारोहमा मार्च पास हुनेछ। उत्कृष्ट मार्च पास गर्ने तीन विद्यालयलाई क्रमश; १२ हजार, ९ हजार र ५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिने छ। पहिलो दिन एथ्लेटिक्स, भलिबल र कबड्डी हुने सदस्य सचिव खड्काले जानकारी दिए।

पत्रकार सम्मेलनमा बोल्दै खेलकुद विकास समिति अध्यक्ष दीपक गोदारले खेलाडी उत्पादनको मुख्य स्रोत विद्यालय भएको र यो प्रतियोगिताले राम्रा खेलाडीको पहिचानमा सहयोग पुग्ने बताए। उनले प्रदेशभरका पालिकामध्ये गत वर्ष पोखरा महानगरपालिकाको टिम उत्कृष्ट बनेको र त्यसलाई निरन्तरता दिन आफूहरूले सक्दो प्रयास गरिरहेको बताए। गत वर्ष फागुनमा भएको कास्की जिल्लास्तरीय रनिङ शिल्डमा पोखरा २८ स्वर्ण, १० रजत र छ कास्य गरी ४४ पदकसहित च्याम्पियन बनेको थियो। पछि त्यहाँबाट छनोट भएका खेलाडी सहभागी भएर बनेको कास्कीको टिम प्रदेशस्तरीय रनिङ शिल्ड च्याम्पियन बनेको थियो। महानगरका शिक्षा अधिकृत सोम सुवेदीले निजीभन्दा पनि पोखराका सरकारी विद्यालयको प्रदर्शन सुधारिँदो रहेको सुनाए। उनले शिक्षासँगै खेल आवश्यक रहेकाले त्यसमा महानगरपालिकाले आफ्नो बजेटले भ्याएसम्म लगानी गरिरहेको बताए।

गत वर्षको पोखरा महानगरपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप विद्यालय खेलकुद प्रतियोगितामा कुल ७ स्वर्ण, २ रजत र ४ कास्य गरेर १३ पदकसहित टप्स मावि च्याम्पियन बनेको थियो। सैनिक आवासीय मावि ५ स्वर्ण, ४ रजत र ११ कास्यसहित २० पदक गरेर सैनिक द्वितीय र शहिद स्मृति मावि ५ स्वर्ण, ४ रजत र ४ कास्यसहित १३ पदक पाएर तृतीय भएको थियो।

# बाल प्रतिभा पहिचान महोत्सव विद्यार्थीको सिकाइ केन्द्र

पोखरापत्र संवाददाता
पोखरा, ७ पुस



पोखरा प्रदर्शनी केन्द्रमा सञ्चालन वृहत बाल प्रतिभा पहिचान महोत्सव विद्यार्थीका लागि सिकाइ केन्द्र बनेको छ।

एन प्याब्सन कास्कीले शुक्रबार देखि शुरु गरेको महोत्वस विद्यार्थीलाई प्रतिभा प्रस्फुटन गर्ने मौका सहित सिक्ने अवसर पनि मिलेको छ। ११ वटा विधामा प्रतियोगिता राखिएकोमा आफ्ना क्षमता अनुसारका विधामा सहभागिता जनाई विद्यार्थीले आफ्ना प्रतिभा प्रस्तुत गरेका छन्।

महोत्सवमा केहि विद्यार्थी पुरानो संस्कृतिलाई पछ्याउदै परालबाट गुन्द्री वन्ने चोयाबाट डोको, कोर्को, पातबाट टपरी दुना वुन्नमा नै व्यस्थ देखिन्थ्य त केहि विद्यार्थी आविस्कार, लोक नृत्य, कविता वाचन चित्रकाल तिर नै व्यस्थ रहेका थिए। सहभागित विद्यार्थी आफ्नो प्रतिभा देखाउदै गर्दा महोत्सव अवलोकन गर्न आएका विद्यार्थीलाई केहि सिक्ने र जान्ने अवसर मिलेको छ।

विद्यार्थीलाई महोत्सवमा सहभागिता जनाउनका लागि हरेक विद्यालयले पूर्व तयारीका लागि लामो समय देखि विद्यालयमा विद्यार्थीका प्रतिभा पहिचानका लागि कार्यक्रमहरु गर्दै आएका थिए। हरेका विद्यार्थीमा केहि न केहि क्षमता हुने भएकोले विद्यार्थीका ति क्षमतालाई उजागर गर्न यस पटक फरक ढंगले कार्यक्रम आयोजना गरेको एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले जानकारी दिए। 'पुरान संस्कृति देखि लिएर आविस्कार सम्म विद्यार्थी आफैले वनाएर यो महोत्सवमा प्रदर्शन गरेका छन्' अध्यक्ष अधिकारीले भने, 'विद्यार्थी पढाइको अलवा सिकाइको क्षेत्रमा मा नि अब्बल छन् भन्ने यो महोत्सवले सन्देश दिएको छ।' महोत्सव अवलोक गर्न आएका गण्डकी प्रज्ञा प्रतिष्ठान गण्डकी प्रदेशका कुलपति सूर्य खड्का विखर्चीले भाषा संस्कृतिको जर्गेना गर्ने काम एन प्याब्सन कास्कीले गरेको उल्लेख गरे। महोत्सवमा विभिन्न विधामा १ हजार ६ जना विद्यार्थी प्रतियोगितामा सहभागिता जनाएको एन प्याब्सन कास्कीका सचिव प्रेमराज अधिकारीले जानकारी दिए। महोत्सवमा सामूहिक लोक नृत्य, एकल गायन, चित्रकला, कविता वाचन, अभिनय, आविस्कार, अपसाइक्लिङ/रिसाइक्लिङ, कम्प्युटर टाइपिङ, पात, पराल छ्वाली, चोयाबाट वनेका सामाग्री बनाउने प्रतियोगिता रहेका छ।

एन प्याब्सनले एक वर्ष खेलकुद महोत्सव र एक वर्ष शैक्षिक मेला गर्दै आएकोमा यस पटक शैक्षिक मेलालाई परिमार्जित गरेर वाल प्रतिभा पहिचान महोत्सव आयोजना गरेको हो। प्रदर्शनीमा नेसनल प्याब्सान कास्की अन्तर्गतका ४७ वटै विद्यालयहरुको सहभागीता रहने तथा करीब एक लाख भन्दा बढी अवलोकनकर्ताहरुले अवलोकन गर्ने अनुमान रहेको छ। कार्यक्रमम सम्पन्न गर्नका लागि १५ लाख खर्च लाग्ने अनुमान गरिएको छ। महोत्सव आईतबार समापन हुने छ।

# गण्डकीका किसानलाई स्थानीय बाली मासिने चिन्ता

पोखरापत्र संवाददाता
पोखरा, ७ पुस

गण्डकी प्रदेशका कृषकले स्थानीय बालीको बीउ मासिने चिन्ता व्यक्त गरेका छन्। गण्डकी प्रदेशसभामा पेस गरिएको 'गण्डकी प्रदेशमा बीउबिजनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक' छलफलमा सहभागी किसानले स्थानीय बाली मासिने चिन्ता व्यक्त गरेका हुन्।

नवलपुर प्रगतिनगरका किसान त्रिचोचन भट्टराइले स्थानीय बालीको बीउ कम हुँदै गएको बताउनुभयो। "हामीले बढी उत्पादन हुने भन्दै हाइब्रिड बीउमा जोड दिएका छौँ", उहाँले भन्नुभयो, "यही कारण हाम्रा स्थानीय बाली मासिने खतरा बढेको छ।" स्थानीय बालीको बीउ संरक्षणका लागि बीउको बिमा र अनुदानमा जोड दिनुपर्नेमा भट्टराइले जोड दिनुभयो। उहाँले भन्नुभयो, "स्थानीय बाली संरक्षणका लागि राज्यले बीउमा बीमा र अनुदान दिनुपर्छ।" उन्नत जातका बीउ उत्पादनमा अनुदान नदिन पनि उहाँको आग्रह थियो।

कास्कीका किसान टेकनाथ बरालले परम्परागत बाली कोदो, कागुनो, स्थानीय सेतो मकै, जौ, उवा फापर, जेठोबुढो धान लगाउनेको सङ्ख्या घट्दै गएको बताउनुभयो। "हामीले लगाउने बालीको माग बढेको छ, तर हाइब्रिडले उत्पादन घटाएको छ", उहाँले भन्नुभयो, "जग्गा प्लटिङको पनि समस्या छ। मेरोमा स्थानीय र हाइब्रिड बालीको उत्पादन उस्तैउस्तै छ। समग्र गाउँतिरको हेर्दा भने घटेको छ। यसमा राज्यले भूमिबैंकको अवधारणा अघि सार्नुपर्छ।"

लमजुङ घनपोखराका किसान भक्तबहादुर गुरुङले भारतले हाइब्रिड बीउमा रोक लगाउने हो भने नेपालका अनिकालको समस्या निम्तने चिन्ता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "भारतले हाइब्रिड बीउ रोकिदिने हो भने अबको दुई वर्षमा नेपालमा अनिकालको समस्या व्याप्त हुने सम्भावना देखेको छु।" सरकारले स्थानीय बालीको बीउ जोगाउने कार्यक्रम नल्याएकाप्रति किसान भक्त बहादुरको गुनासो छ।

गण्डकी प्रदेशको बीउबिजन प्रयोगशालाका निमित्त प्रमुख अमृत रेग्मीले हाइब्रिडसँगै रैथाने बाली संरक्षण गर्दै जानुपर्ने बताउनुभयो। राष्ट्रको समग्र नीतिअनुसार उत्पादन र उत्पादकत्व बढाउने रहेकाले यसका लागि हाइब्रिड बीउ नै आवश्यकपर्ने उहाँको भनाइ थियो। प्रदेश सरकार बीउबिजनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक पारित गर्ने तयारीमा रहेको रेग्मीले जानकारी दिनुभयो। उहाँका अनुसार यसका लागि सामाजिक विकास तथा कृषि समितिले विभिन्न सरोकारवालासँग छलफल गरिरहेको छ। विधेयक पास भएपछि स्थानीय बालीको बीउ जोगाउन सहयोग पुग्ने सामाजिक विकास तथा कृषि समितिका सभापति फडिन्द्र देवकोटाले जानकारी दिनुभयो।

# पोखरामा यमरी महोत्सव हुने

पोखरापत्र संवाददाता
पोखरा, ७ पुस



पोखरामा यमरी महोत्सव हुने भएको छ। पोखरा महानगरपालिका वडा नं ४ को आयोजना तथा मिसा पुचः कास्कीको समन्वयमा यही पुष ९ गते पोखराको गणेशटोलमा उक्त महोत्सव एवं यमरी प्रतियोगिता हुने भएको शनिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

यही पुष ९ गते सोमबारका दिन नेवार समुदायको प्रमुख चाड यमरी पुन्हिको अवसरमा पोखराकै ऐतिहाँसिक धार्मिक स्थल गणेशटोलमा यस वडाका विभिन्न मिसा पुचः हरुको व्यवस्थापन तथा समन्वय एवमं पोखरा ४ वडा कार्यालयको आयोजनामा यमरी महोत्सव एवमं यमरी बनाउने प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको वडा अध्यक्ष देवकृष्ण पराजुलीले बताउनु भयो। पोखरा ४ को धार्मिक, सांस्कृतिक, ऐतिहाँसिक कला तथा रीतिरिवाज साथै चाडपर्वहरुले धनी वडा भएको अध्यक्ष पराजुलीले बताउनु भयो। वडाको जातिय भेषभूषा, कला, रहनसहन, खानाका परिकार, मौलिक संस्कृति वडाका मुख्य सांस्कृतिक पहिचान भएको उहाँको भनाई थियो। उक्त महोत्सवको पूर्व सन्ध्यामा प्रभातफेरी कार्यक्रममा हुने भएको छ। प्रभात फेरीमा सहभागि हुने मध्य प्रथम, दित्तिय र तृतिय लाई क्रमशः ७ हजार, दोश्रोलाई ५ हजार र तेश्रो हुनेलाई ३ हजार पुरस्कार प्रदान गरिने भएको छ। त्यसै गरी यमरी प्रतियोगितामा प्रथम हुनेलाई १० हजार, दोश्रो हुनेलाई ७ हजार, तेश्रो हुनेलाई ५ हजार र शान्त्वना ३ हजार को साथमा प्रमाणपत्र समेत प्रदान गरिने भएको छ। उक्त महोत्सवमा लक्ष्य ब्याण्डको सांगितिक प्रस्तुति रहनेछ भएको छ। उक्त महोत्सवमा मौलिक लाखे नाच, कुमारी नाच लगायत अन्य सांस्कृतिक झाँकीहरुको समेत प्रस्तुति हुने भएको छ। यमरी परिकारको नेवारी समुदायमा बिषेश महत्व रहेको नेवा मिस पुच कास्कीका अध्यक्ष संगिता बज्रचार्यले बताउनु भयो। उक्त महोत्सवमा यमरीको परिवार बनाउन सिकाउने र परिकारहरु खान पाइने भएको उहाँले जनाउनु भयो।

## संघीय ...

तथा मेलमिलापसम्बन्धी ऐन र सङ्घीय शिक्षा विधेयक संसद्बाट पारित गराउन पहल हुन्छ। यो ऐन सरकारको उच्च प्राथमिकतामा छ।" सो विधेयकमा शिक्षकका जायज माग सम्बोधन गरिने र विद्यालय शिक्षालाई थप सबल बनाउने प्रधानमन्त्रीको भनाइ छ। "तपाईं शिक्षकले आफ्ना माग र मुद्दा सम्बोधन गर्न सडकबाट दबाब दिनुभयो। यसले सरकारलाई सहयोग पुगेको छ", प्रधानमन्त्रीले भन्नुभयो, "तपाईंहरूले अहिलेको मस्यौदामा जुन सुझाव दिनुभएको छ, त्यसमध्ये जायज र सम्भव माग सम्बोधन गरिनेछ।"

सो अवसरमा नेकपा (माओवादी केन्द्र) का उपाध्यक्ष अग्निप्रसाद सापकोटा, महासचिव देवप्रसाद गुरुङ, नेताहरू नारायण दाहाललगायतले सामाजिक अभियन्ताका रूपमा रहेका शिक्षकले गुणस्तरीय शिक्षा प्रदान गर्दै समाज सुधारको अगुवाई गर्नुपर्नेमा जोड दिनुभएको थियो।

एकीकृत अखिल नेपाल शिक्षक सङ्गठनले देशभरबाट सहयोग जुटाएर बहुउद्देश्यीय भवन निर्माण गर्न लागेको अध्यक्ष शङ्कर अधिकारीले जानकारी दिनुभयो।

कपालको उपचार
कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# जनताप्रति असंवेदनशील सरकार

भूकम्पबाट प्रभावित जिल्लाका नागरिकहरू अझै पनि चिसो मौसममा त्रिपालमुनी रात बिताउन बाध्य छन् । गत कात्तिक १७ गते राती ११:४७ बजेको समयमा जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको ६.४ रेक्टर स्केलको भूकम्पको २ महिना पुग्नै लागेको छ । तीनै तहका सरकारले आवास निर्माण तथा नागरिकहरूको पुनःस्थापनाका लागि तदारूकता देखाउन सकेका छैनन् । केन्द्रीय सरकारको कमजोर कार्यशैलीका कारण नागरिकका अस्थायी आवास समेत बन्न सकेका छैनन् ।

संघीय सरकारले मंसिरभित्रै भूकम्पपीडितलाई अस्थायी आवासमा सार्न गरेको घोषणा गरेको थियो । तर अहिलेसम्म सो कुरा घोषणामै सिमित छासरकार जनताको समस्याप्रति संवेदनशील बन्न नसकेको कारण प्रणाली माथि प्रहार भएको छ । अस्थायी आवास निर्माणका लागि सरकारले अनुदान कार्यविधि संशोधन गरेर सहज बनाएको भनिए पनि स्थानीय तहले बैंक खाता खोल्नुपर्ने, प्रहरी मुचुल्का गर्नुपर्ने जस्ता झन्झिटिलो प्रक्रियाले दोब्बर बढी पीडितले पहिलो किस्तावापतको रकमसमेत प्राप्त गर्न सकेका छैनन्। जसका कारण पुस/माघको जाडोमा भूकम्प प्रभावित क्षेत्रका नागरिकहरू त्रिपालकै भरमा बाँच्नु पर्नेछ ।

अस्थायी आवास निर्माणका लागि सरकारले जाजरकोट जिल्लाका लागि रकम पठाएको पनि २ महिना पुगिसकेको छा तर, जाजरकोटका सात वटा स्थानीय तहहरूले प्रदेश र संघ सरकारसँग आपसी समझदारी र आवश्यक समन्वय समेत गर्न सकेका छैनन् । जसको प्रत्यक्ष प्रभाव नागरिकहरू परेको छ । संघीय सरकारले अस्थायी आवास निर्माणका लागि जिल्ला विपद् व्यवस्थापन समिति जाजरकोटका नाममा पठाएको रकम मध्ये ५० करोड ९८ लाख ७५ हजार रुपौयाँ ५ पालिकामा पठाइएको जनाइएको छ ।

विपद् व्यवस्थापन समितिले सम्बन्धित स्थानीय पालिकाको खातामा निकासा गरेको उक्त रकम पालिकाले तत्काल वितरण गर्न सकेका छैनन् । सरकारको काम गर्ने शैलीको ज्वलन्त नमुना हो । ७ पालिका रहेको जाजरकोटमा भूकम्पले सबैभन्दा बढी मानविय क्षति भएको नलगाड नगरपालिकामा हालसम्म अस्थायी आवस निर्माणका लागि रकम निकासा भएको छैन् । साथै जुनीचाँदे गाउँपालिकामा पनि उक्त रकम निकासा हुन सकेको छैन् । हालसम्म जाजरकोट जिल्लाभर चार हजार चार सय ४६ वटा अस्थायी आवास निर्माण भएका छन् ।

एक सय ५४ जनाको ज्यान लिनेगरी गएको भूकम्पबाट प्रभावित भएका ३३ हजार ५५ घरधुरीमध्ये हालसम्म पाच हजार एक सय ९६ घरधुरीले १२ करोड ९२ लाख २५ हजार रुपैयाँ अस्थायी आवास निर्माणवापतको पहिलो किस्ता प्राप्त गरेका छन् । जस अन्तर्गत भेरी नगरपालिकामा ६ करोड ३७ लाख २५ हजार रकम आवास निर्माणका लागि निकासा भएको छ । चार हजार पाच सय ४९ लाभग्राही रहेको भेरीमा एक हजार एक सय १३ परि घरधुरीले पहिलो किस्तावापत दुई करोड ७८ लाख २५ हजार रकम प्राप्त गरेका छन् । भेरीमा हालसम्म एक सय ५० वटा आवास निर्माण भएका छन् । छेडागाड नगरपालिकामा नौ करोड १६ लाख आवास निर्माणका लागि निकासा भएको छ । यस नगरपालिकामा ३ हजार ६ सय ६४ जना लाभग्राही रहदा १ हजार ८६ जनासँग लाभग्राही सम्झौता हुँदा १ सय २० जनाले पहिलो किस्ता वापत ३० लाख रकम प्राप्त गरेका छन्। छोडागाडमा हालसम्म कुनै पनि अस्थायी आवास निर्माण भएका छैनन्।सरकारको काम गर्ने तरिका फेरिएन भने प्रधानमन्त्री पुष्प कमल दाहालले छलाङ मार्ने र धक्का दिने कुरामा सिमित हुनेछन् ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मानसिक तनाव |
| कर्कट | : मन चञ्चल | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

हरिसिद्धि भविष्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# 'बुकी कप' भलिबल आइतबारदेखि, विभागीयसहित पाँच टिम सहभागी हुँदै

पोखरापत्र संवाददाता
पोखरा, ७ पुस

राष्ट्रियस्तरको 'बुकी कप' भलिबल प्रतियोगिता आइतबारदेखि बागलुङको गलकोटमा सुरु हुने भएको छ । पोखराको हिमालयन म्युजिकल इभेन्ट म्यानेजमेन्ट एण्ड फिल्मस् को आयोजनामा हुन लागेको सो प्रतियोगिताको सबै तयारी पूरा भएको जनाइएको छ ।

उक्त प्रतियोगितामा तीन विभागीयसहित पाँच टिमको सहभागिता रहने प्रतियोगिताका संयोजक मोहन केसीले बताउनुभयो । उहाँका अनुसार त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, नेपाल एपिएफ क्लब, गण्डकी प्रदेश र गलकोट नगरपालिकाको टिमले उक्त प्रतियोगितामा भाग लिनेछ ।

पहिलोपटक आयोजित सो प्रतियोगितामा प्रथम हुनेले नगद रु पाँच लाख, दोस्रो हुनेले रु दुई लाख ५० हजार र तेस्रो हुनेले रु एक लाख २५ हजार पुरस्कार पाउने संयोजक केसीले जानकारी दिनुभयो ।

यस्तै प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई रु २० हजार, उत्कृष्ट टिम प्रशिक्षकलाई रु १० हजार, उत्कृष्ट सेटरलाई रु छ हजार, उत्कृष्ट स्पाइकरलाई रु छ हजार, उत्कृष्ट ब्लकरलाई रु छ हजार, उत्कृष्ट डिफेन्डरलाई रु छ हजार, उत्कृष्ट सर्भरलाई रु छ हजार र म्यान अफ द म्याच घोषित हुने खेलाडीलाई नगद रु दुई हजार प्रदान गरिने संयोजक केसीले बताउनुभयो ।

गलकोट नगरपालिका र गलकोट नगर खेलकुद विकास समितिसँगको समन्वय तथा नेपाल भलिबल सङ्घ, गण्डकी प्रदेश भलिबल सङ्घ, जिल्ला भलिबल सङ्घ बागलुङ, गलकोट उद्योग वाणिज्य सङ्घ र नगर भलिबल सङ्घ गलकोटसँगको सहकार्यमा प्रतियोगिता आयोजना गर्न लागिएको उहाँको भनाइ छ ।

प्रतियोगिता गलकोट नगरपालिका-६ स्थित मजुवाफाँटमा सञ्चालन हुनेछ । सोही अवसरमा साङ्गीतिक कार्यक्रम, नृत्य प्रतियोगिता 'गलकोट डान्स आइडल', रमाइलो मेलालगायत सञ्चालन हुने आयोजकले जनाएको छ । प्रतियोगिता अवधिभर नेपाली सङ्गीत क्षेत्रका विभिन्न कलाकारको प्रस्तुति रहने संयोजक केसीले उल्लेख गर्नुभयो । "धवलागिरि क्षेत्रमै पहिलोपटक सर्वाधिक राशिको भलिबल प्रतियोगिता हुँदैछ, खेल पर्यटनका माध्यमबाट गलकोटलाई थप चिनाउन यो प्रतियोगिता सहयोगी बन्नेछ", उहाँले भन्नुभयो, "पहिलो दिनको खेलमा दर्शकलाई निःशुल्क प्रवेश दिइनेछ, त्यसपछिका खेल अवलोकनका लागि न्यूनतम टिकट शुल्क तोकेका छौँ ।" भलिबल प्रतियोगितासहितको सांस्कृतिक कार्यक्रम यही पुस १५ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ ।

# 'फिस्टेल स्पोर्टस् फेस्ट' समापन

पोखरापत्र संवाददाता
पोखरा, ७ पुस



पोखरा १७ तल्लो बिरौटा स्थित फिस्टेल एकेडेमी माविद्वारा आयोजित 'फिस्टेल स्पोर्टस् फेस्ट' शनिबार सम्पन्न भएको छ ।

समापन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. प्रेमनारायण अर्यालले सिकाइलाई कक्षाकोठाभित्र मात्र सीमित नराखी खुल्ला रूपमा सिकाइ हुनुपर्ने कुरामा जोड दिए । उनले भने, 'सिकाइ चार दिवारभित्र मात्र हुन्छ भन्ने छैन, वास्तविक सिकाइ समाजबाट नै सिक्ने हो जुन फिस्टेलले सिकाइरहेको छ ।'' उनले यस्ता खेलकुदले विद्यार्थीको सर्वाङ्गीण विकासमा ठुलो सहयोग पुऱ्याउने विचार राखे ।

शनिबार सम्पन्न सेभेन ए साइड फुटबलको फाइनल खेलमा शान्ति निकुञ्ज, लिटिल फ्लावर र शान्तिदीप स्कुलले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गरे । उनीहरूले क्रमशः रु ७५ हजार, ३५ हजार र २० हजारका साथ ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे ।

५/५ छात्र बास्केटबलमा आयोजक फिस्टेल एकेडेमी, मनकामना बोर्डिङ स्कुल र अल्फा एकेडेमीले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गरे । छात्रा बास्केटबतर्फ काठमाडौंको एनसीसीएस, फिस्टेल एकेडेमी र बालकल्याण स्कुल प्रथम, द्वितीय र तृतीय बने । यी सबै खेलमा प्रथम, द्वितीय र तृतीयले क्रमशः ७५ हजार, ३५ हजार र २० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे ।

टेनिसतर्फ १६ वर्षुनिको छात्रतर्फ फिस्टेलका सृजन भट्टराईले गण्डकी बोर्डिङ स्कुलका शास्वत बज्राचार्यलाई २-६, ६-३, ६-३ को सेटमा पराजित गरी प्रथम बने । द्वितीय गण्डकी बोर्डिङका शास्वत बज्राचार्य बन्दा तृतीय स्थान गण्डकी बोर्डिङका डोजन गुरुङ र भद्रकालीका सन्दीप बिकले प्राप्त गरे । छात्रातर्फ मैत्रेय पाठशालाकी शाल्भी शेरचन प्रथम बन्दा शान्ति निकेतनकी अदिती पौडेल द्वितीय र सेन्ट मेरिजकी शरिसा शेरचन ताथ मैत्रेय पाठशालाकी आरुसी तुलाचन तृतीय बने। १२ वर्षमुनिको छात्र टेनिसमा फिस्टेलका आर्यशराज पौडेल र गण्डकी बोर्डिङका स्पन्दन उदास क्रमशः प्रथम र द्वितीय हुँदा गण्डकीका प्रफुल्ल श्रेष्ठ र डोजन गुरुङ तृतीय बने । १० वर्षमुनिको छात्रतर्फ फिस्टेलका आर्यसराज पौडेल, शिशुनिकेतनका इभान भट्टराईले क्रमश प्रथम र द्वितीय स्थान लिँदा शिशुनिकेतनकै ओमयुग थापा र शोभान केसीले तृतीय स्थान प्राप्त गरे । छात्रातर्फ फिस्टेलकी जीवाश्री भट्टराई र सेन्ट मेरिजकी बनी एस मेथलागन क्रमशः पहिलो र दोस्रो बन्दा जिओभानी केसी र सोनाक्षी ढुङ्गाना तेस्रो बने ।

९ वर्षमुनिको छात्रतर्फ शिशुनिकेतनका इभान, फिस्टेलका जीवाश प्रथम र द्वितीय बन्दा शिशुनिकेतनका ओमयुग थापा र प्राइम मन्टेश्वरीका सर्वज्ञ खत्री तृतीय बने । छात्रातर्फ फिस्टेलकी जीवाश्री र गुरुकुल विद्याश्रमकी जिओभानी केसी क्रमशः पहिलो र दोस्रो हुँदा फिस्टेलकी सायना र सेन्ट मेरिजकी बनी एस मेथलागन तृतीय बने । ८ वर्षमुनिको छात्रतर्फ फिस्टेलका जीवाश र ग्लोबल कलेजियटका अनन्त पाण्डे प्रथम र द्वितीय बन्दा प्राइम मन्टेश्वरीका सर्वज्ञ खत्री तृतीय बने । पुरस्कार वितरण तथा समापन कार्यक्रम विद्यालयका संस्थापक अध्यक्ष चिनुरानाभाटको अध्यक्षतामा भएको थियो भने कार्यक्रमको सञ्चालन विद्यालयका सहायक प्रधानाध्यापक कमल लामिछानेले गरेका थिए ।

# एक सय ६८ मुरी धान फलाएका बम्जन दम्पती ५० हजारबाट पुरस्कृत

रासस
काठमाडौं, ७ पुस

पाँचवटा खेतमा फलेको एक सय ६८ मुरी धान जोख्ने काम सकिएपछि पाँचथरको फाल्गुनन्द गाउँपालिका-१ लाक्सिबुङका मकरबहादुर बम्जनको घरमा बुधबार स्थानीयवासी, जनप्रतिनिधि र कर्मचारीको घुइँचो थियो । गलामा माला लगाएका मकरबहादुर अतिथिको सत्कारमै व्यस्त हुनुहुन्थ्यो । सबैलाई 'एकछिन बस्न र चिया खाएर जान' आग्रह गर्दैमा मकरबहादुरको समय बितिरहेको थियो । भान्सामा चिया र नास्ता पाक्दै थियो ।

मकरबहादुरको घरको आँगनमा मकैको थाङ्ग्रो पनि बडेमानकै थियो । घर वरिपरि कोदो टन्न फलेको थियो । टिप्ने समय बित्नै लागेको छ । फाल्गुनन्द-१ का वडाध्यक्ष होमप्रसाद आङदेम्बेसहित जनप्रतिनिधि र कर्मचारी सिकुवाको डिलमा बसेर ५६ वर्षीय मकरबहादुर र उहाँकी श्रीमती ६० वर्षीया टीकामायाको मेहनतको प्रशंसा गरिरहेका थिए ।

फाल्गुनन्द गाउँपालिकाले खाद्यबालीको उत्पादन बढाउन ५० मुरीभन्दा बढी धान फलाउने किसानलाई रु ३० हजार र एक सय मुरीभन्दा बढी धान फलाउने किसानलाई रु ५० हजारबाट पुरस्कृत गर्ने घोषणा गरेको थियो । उक्त घोषणापछि मकरबहादुर गाउँपालिकाको कार्यालय पुग्नुभएको थियो । उहाँले आफूले एक सय मुरीभन्दा बढी धान फलाएको गाउँपालिका कार्यालयमा दाबी गर्नुभयो । मकरबहादुरको दाबीपछि बुधबार जनप्रतिनिधि र कर्मचारी उहाँको घर पुग्नु भएको हो । मकरबहादुरले निबु खोलाको बैंसी र घर छेउको पाखाबारीमा फलाएको धान एक सय ६८ मुरी प्रमाणित भएपछि उहाँ औधी खुशी हुनुभयो । मकरबहादुर दम्पतीले फाल्गुनन्द-७ को सिस्ने, काब्रेती, घरमुनी, करमबोटे र खोल्साइले गरी पाँचवटा खेतमा तीन मुरी चार पाथी बीउ रोपेका थिए । उक्त बीउबाट फलेकोमध्ये ३० मुरी धान उहाँले यसअघि नै बिक्री गरिसकेको बताउनुभयो । त्यसैले उहाँले फलाएको धान एक सय ६८ मुरी मात्र गणना भयो । फाल्गुनन्द गाउँपालिकाको प्रशासन शाखाका प्रमुख निर्मल अधिकारीका अनुसार बम्जन परिवारले फाल्गुनन्दमा सबैभन्दा बढी धान फलाएको प्रमाणित भएको छ । मकरबहादुरले फाल्गुनन्दका इन्द्रनारायण आङदेम्बे, कालीदास चेम्जोङ, कर्ण चेम्जोङ, पञ्चबहादुर चेम्जोङ र भीमबहादुर आङदेम्बेको खेतमा खेती लगाउने गरेको बताउनुभयो । गत मङ्सिर ७ गते ३० मुरी धान बिक्री गरिसकेपछि मात्रै धेरै धान फलाउनेलाई पुरस्कृत गर्न लागिएको थाहा पाउनुभएको थियो । "वडाध्यक्षले खबर गरेपछि गत मङ्सिर १३ गते गाउँपालिकामा गएर एक सय ८५ मुरी धान फलाएको जानकारी गराएको थिएँ", मकरबहादुरले भन्नुभयो । विगतमा अन्नको अभावमा पाएको दुःख सम्झेर धान फलाउन कम्मर कसेर लागेको उहाँको भनाइ छ । "विसं २०५६ मा म सगोलको परिवारबाट छुट्टिँदा निकै दुःख पाएँ, दुई पाथी धान लुकाएँ । त्यतिबेला मेरो पाँचजनाको परिवार थियो", उहाँले भन्नुभयो, "मेरो नाममा दुई रोपनी जग्गा छ । यसको उब्जनीले नपुगेपछि पाँचजनाको जग्गामा खेती गर्दै आएका छौँ । ३० मुरीभन्दा कम धान फल्ने कुनै खेत छैन ।" मकरबहादुरले ती खेत बन्धकी, कुत र अधियाँमा लिनुभएको हो । उहाँले मकैका लागि पाखो बारी अधियाँमा लिनुभएको छ । किसानलाई प्रोत्साहन गर्न पुरस्कृत गर्ने गाउँपालिकाको सूचना पाएपछि मकरबहादुरले धानका खलाखलामै कर्मचारीलाई बोलाउनुभएको थियो । तर सबै धान भेला पारेर जोख्न मन लागेपछि घर छेउको खेतको खलामा सबै धान जम्मा गर्नुभयो । "धान जम्मा गर्न रु सात हजार खर्च भयो । धान झारे पनि पराल दाइँ गर्न भ्याएकै छैन्", उहाँले भन्नुभयो । बम्जन दम्पतीका तीन छोरा झापाको दमकमा बसोबास गर्छन् भने तीन छोरी विवाह गरेर गइसकेका छन् । तर धान फलाउन बम्जन दम्पतीले छरछिमेकीको साथ पाइरहनुभएको छ ।

"दुःख नभई सुख हुँदैन रहेछ । साथीभाइले मैले भनेको टार्दैनन्, नाइँ भन्दैनन्", मकरबहादुरले भन्नुभयो । विसं २०६० देखि धान खेतीमा लागिपरेको उहाँ बताउनुहुन्छ । पाखा खेतमा पानीको समस्या भए पनि निबु खोलाको बैंसीमा समस्या नरहेको उहाँले बताउनुभयो । मकरबहादुर गाउँपालिकाले रु ५० हजार पुरस्कार दिएपछि ठूलो भैँसी किन्ने सोचमा हुनुहुन्छ । "गाउँपालिकाले दिएको रकमले एउटा माउ भैँसी किन्ने योजना छ", उहाँले भन्नुभयो । बम्जन दम्पतीले लामो समयदेखि बर्षेनि एक सय मुरीभन्दा बढी धान फलाउँदै आएको स्थानीयवासीको भनाइ छ ।

# बागलुङमा धान उत्पादन बढ्यो

पोखरापत्र संवाददाता
बागलुङ, ७ पुस

गत वर्ष धान उत्पादनमा कमी हुँदा निराश भएका बागलुङका किसान यस वर्ष भने खुसी भएका छन् । रोपाइँका बेला समयमै वर्षा भएपछि यस वर्ष धान उत्पादनमा वृद्धि भएको हो ।

गत वर्ष करिब १० प्रतिशतभन्दा बढी धान उत्पादनमा कमी आएकामा यस वर्ष एक सय मेट्रिक टन बढी धान उत्पादन भएको छ । बागलुङ मध्यपहाडी क्षेत्र भएको हुँदा थोरै क्षेत्रमा मात्र सिँचाइको व्यवस्था छ । सीमित सिँचाइको सुविधा हुँदाहुँदै पनि यहाँका किसानले धान उत्पादनमा मेहनत गर्दै आएका छन् ।

कृषि ज्ञान केन्द्र बागलुङका अनुसार गत वर्ष छ हजार बढी हेक्टर क्षेत्रफलमा रोपाइँ भए पनि १८ हजार छ सय ९० मेट्रिक टन मात्रै धान उत्पादन भएको थियो । यस वर्ष पाँच हजार सात सय १७ हेक्टर क्षेत्रफलमा रोपाइँ गरिएकामा २० हजार पाँच सय ५१ मेट्रिक टन उत्पादन भएको छ । जिल्लाको सबैभन्दा बढी जैमिनी नगरपालिका र सबैभन्दा कम तमानखोला गाउँपालिकामा धान उत्पादन हुने गरेको छ । यस वर्ष किसानलाई मौसमले साथ दिएको र उन्नत जातका बीउ प्रयोग गरेका कारण धान उत्पादनमा वृद्धि आएको कृषि ज्ञान केन्द्रका प्रमुख राजेश सिलवालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अहिले पनि बागलुङका धेरै किसानाहरुले रैथाने जातको धानको बीउ प्रयोग गर्ने गरेको पाइन्छ, बिस्तारै नयाँ जातका बीउ प्रयोग गर्न थाल्नुभएको छ, नयाँ प्रविधि पनि अपनाउन थाल्नुभएको छ, पोहोर सालको भन्दा यस वर्ष केही मात्रमा धान उत्पादनमा वृद्धि भएको छ, किसानलाई परम्परागत खेती प्रणालीसँगै आधुनिकतासँग जोड्नका लागि कृषि ज्ञान केन्द्रले पनि नयाँ प्रयासहरु थालेको छ, कृषकहरुले कृषिलाई आधुनिकीकरण गर्नसके अहिलेको भन्दा बढी धान उत्पादन गर्न सक्ने सम्भावना देखिन्छ ।" उहाँका अनुसार यस वर्ष बर्खे धान पाँच हजार सात सय सात हेक्टरमा र चैते धान १० हेक्टर क्षेत्रफलमा लगाइएको थियो । जैमिनी नगरपालिकाका किसान तिलक सापकोटाले अघिल्लो वर्षभन्दा यस वर्ष ५० प्रतिशतले धान उत्पादन बढी भएको बताउनुभयो । गत वर्ष धान भित्र्याउने बेलाको हावाहुरी र ढिलो भएको वर्षाका कारण उत्पादनमा गिरावट आएको उहाँको भनाइ छ । गत वर्षसम्म रैथाने बीउ लगाएको जनाउँदै यस वर्ष नयाँ प्रजातिको बीउ लगाउँदा उत्पादन बढेको सापकोटाले बताउनुभयो । हरेक वर्ष १० मुरी धान फल्ने गरेकामा यसपालि १५ मुरीभन्दा बढी उत्पादन भएको उहाँको भनाइ । बागलुङमा सबैभन्दा बढी मकै बाली उत्पादन हुने गरेको छ ।

जिल्लाभर मकै २० हजार हेक्टर क्षेत्रफल बढीमा उत्पादन हुन्छ । कोदो १८ हजार हेक्टर र गहुँ सात हजार हेक्टर बढी क्षेत्रफलमा उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । बागलुङमा ४६ हजार एक सय ४८ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेकामा ३० हजार पाँच सय २३ हेक्टर क्षेत्रफलमा मात्रै खेती हुँदै आएको छ । छ हजार एक सय ४८ हेक्टर क्षेत्रफलमा मात्रै सिँचाइको सहज पहुँच पुगेको छ । त्यसमध्ये बाह्रै महिना सिँचित क्षेत्र दुई हजार सात सय ७५ हेक्टर रहेको छ ।

